"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- ४०२

मितिः २०७८।०४।२४

**विषयः** भौतिक उपस्थितिमा पठनपाठन तथा परीक्षा सञ्चालन नगर्नु नगराउनु हुन ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपाल सरकारको निर्णय अनुसार विद्यार्थीहरुको भौतिक उपस्थिति गराइ पठन पाठन गर्ने कार्य पूर्ण रुपमा बन्द रहेको अवस्थामा राष्ट्रिय परीक्षा बोर्डलेसमेत कक्षा १२ को पूर्व निर्धारित परीक्षा स्थगित गरेको व्यहोरा अवगत नै होला । यस उपमहानगरपालिका अन्तर्गतका केहि विद्यालयहरुले विद्यार्थीहरुलाई परीक्षा वा अन्य कुनै कारण देखाइ विद्यालयमा विद्यार्थीको भौतिक उपस्थिति गराउने कार्य भइरहेको भन्ने स्वयम् अभिभावकहरुबाट गुनासो प्राप्त भएकाले यस उपमहानगरपालिका क्षेत्रमा हालसम्म पनि कोभिड-१९ को जोखिम दिनानुदिन बढ्दै गएकाले कुनै पनि बहानामा विद्यार्थीहरुको भौतिक उपस्थिति गराइ पठन पाठन वा परीक्षा सञ्चालन जस्ता कार्य नगर्नु नगराउनु हुन साथै बैकल्पिक विधिबाट मात्र पठनपाठन सञ्चालन गर्नुहुन निर्देशानुसार अनुरोध छ । अन्यथा शिक्षा ऐन नियम तथा कोभिड - १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कार्यवाहिको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

रत्नबहादुर कटुवाल
उपसचिव(अधिकृतस्तर दशौं)

रत्नबहादुर कटुवाल
नि. प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र **Website** मा राखिदिनु हुन ।

श्री प्याब्सन धरान- निर्णय कार्यान्वयनका लागि ।

श्री एन. प्याब्सन धरान - निर्णय कार्यान्वयनका लागि ।